प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्कुल अफ हेल्थ साईन्स
भरतपुर, चितवन ।

मिति: २०७७।०८।१९

पत्र संख्या: २०७७।०७८
चलानी नं :

विषय: कक्षा संचालन सम्वन्धमा ।

श्री सम्पूर्ण विधार्थी, प्रशिक्षक तथा कर्मचारी ज्यूहरु,
स्कुल अफ हेल्थ साइन्स, भरतपुर, चितवन ।

उपरोक्त सम्वन्धमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस Covid- 19 को कारणले मिति २०७६।१२।०६ गते देखि हाल सम्म स्थगित रहेको पठन पाठन कार्य नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयवाट जारी भएको विधालय संचालन सम्वन्धी कार्यढांचा २०७७ अनुसार विधार्थीहरु प्रत्यक्ष रुपमा शिक्षालयमा भौतिक रुपमा उपस्थिती भइ यहि मिति २०७७।०८।२१ गतेवाट पुरानो व्याजको प्रथम वर्ष , दोस्रो वर्षका र फार्मेसी तेस्रो वर्षको विधार्थीहरुको समेत प्रयोगात्मक अभ्यास विभागिय प्रमुखहरुले तयार पारेको कक्षा तालीका अनुसार संचालन हुने भएकोले संक्रमण जोखिमको यस अवस्थामा स्वास्थ्य सम्वन्धी मापदण्डका साथै तपसिल अनुसारको सूरक्षा सावधानी अपनाई शिक्षालयमा उपस्थित हुन सवैमा अनुरोध छ । अन्य कार्यक्रमको तेस्रो वर्षका विधार्थीहरुको हकमा सम्वन्धीत विभागिय प्रमुखहरु संग समन्वय गर्नु हुन जानकारी गराइन्छ ।

तपसिल:

१.सम्पूर्ण विधार्थी, प्रशिक्षक तथा कर्मचारीहरुले अनिवार्य रुपमा माक्स लगाएर मात्र शिक्षालयमा उपस्थित हुने ।
२.प्रत्येक विधार्थी शिक्षालय परिसरमा प्रवेश गर्दा शिक्षालयको गेटमा तापक्रम मापन गर्ने (९८ डिग्रि फरेनहाइट वा सो भन्दा कम तापक्रम हुनेले मात्र प्रवेश पाउने) ।
३. गेटमा शिक्षालयले व्यवस्था गरेको पानीको धारामा सावुन पानीले हात धुने ।
४.शिक्षालय परिसरमा आउदा जादा र रहदा कक्षाकोठामा भौतिक दुरी अनिवार्य रुपमा कायम गर्ने, धेरै जना भेला नहुने ।
५.शिक्षालय परिसर,कक्षा कोठामा रहदा मास्क अनिवार्य रुपमा लगाउने ।
६.शिक्षालयको चमेना गृहमा खाजा नास्ता खादा पनि दूरी कायम गर्ने ।
७.पाठ्यपुस्तक, कापीकलम, नोट लगायतका सामाग्री एक अर्कामा साटासाट नगर्ने ।
८.कोभिड १९ को लक्षण देखिएमा शिक्षालयमा उपस्थित नहुने ।

"स्वास्थ्य सूरक्षा सम्वन्धी मापदण्डको पालना गरौं, आफ्नो स्वास्थ्यको सूरक्षा आफै गरौं र सूरक्षित रहौं "

शिक्षालय प्रमुख